नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९
४५११५३७
४५१९५०१
४५३९३६२
फ्याक्स: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानो गौचरण, काठमाडौं, नेपाल

पत्र संख्या :- (अनुमतिपत्र) ०८२/८३
चलानी नं.:- ३६३

मितिः २०८२/०५/२०

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र सम्बन्धमा ।

श्री ब्रज इनर्जी एण्ड डेभलपर्स प्रा. लि.,
पोखरा, कास्की,
सम्पर्क नंः ९८५६००३५३६।

उपरोक्त सम्वन्धमा तहाँ कम्पनीले मध्य मादी जलविद्युत आओजनाको जलविद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र पाउन दरखास्त दिनुभएकोमा तपसिलमा उल्लिखित विवरण/कागजातहरू पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(५) बमोजिम बुँदा नं. १ मा उल्लिखित सहमति ६ (छ) महिना भित्र पेश गर्नुहुन र सो समयमा उक्त सहमति पत्र पेश नभएमा प्रस्तुत दरखास्त खारेज हुने साथै अन्य विवरण/कागजातहरू विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम पैतिस (३५) दिनको समयावधि भित्र पेश गर्नु हुन मिति २०८२/०५/१८ को विभागीय निर्णयानुसार अनुरोध छ।

तपसिलः

१. प्रस्तावित क्षेत्र अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्ने देखिएकोले वन तथा वातावरण मन्त्रालयको सहमति,
२. परामर्शदाता संग भएको सम्झौताको सक्कल प्रति वा प्रमाणित प्रतिलिपि ।

(शंकर बहादुर साउद)
इन्जिनियर

बोधार्थ :

१. श्रीमान् महानिर्देशकज्यू, विद्युत विकास विभाग।